## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

धरान, सुनसरी, प्रदेश नं. १, नेपाल

नगर कार्यपालिका वैठक

**वैठक संख्या ११/०७६/०७७**

आज मिति २०७६ चैत्र ९ गते आईतबार दिउँसो २:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | नगर उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री दिल बहादुर तामाङ्ग | का.वा. अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | अनुपस्थित |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री हरिलाल श्रेष्ठ | का.वा. अध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री ब्रम्हज्ञ भट्टराई | का.वा. अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री मञ्जिल कसजु | का.वा. अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | अनुपस्थित |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | अनुपस्थित |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाख्रिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ३१. | श्री विदुर प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | |
| ३२. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

**<u>बैठकमा छलफल र निर्णय भएका विषयहरु:-</u>**

**क) नयाँ प्रमुख प्रशासकीय अधिकृतसंग परिचय सम्बन्धमा:-**

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट यस उप महानगरपालिकाकालागि प्रमुख प्रशासकीय अधिकृतको पदमा खटीनु भएका सहसचिव श्री विदुर प्रसाद खनाल संग परिचय आदान प्रदान गरियो ।

**ख) नोबल कोरोना भाइरस सम्बन्धमा :**

हाल विश्वभर फैलिएको नोबल कोरोना भाइरसवाट सचेत रहन र नगरबासीलाई सुरक्षित राख्न नगरपालिकाले हाल सम्म गरेका तपशिलका प्रयासहरूको जनाकारी नगर प्रमुखवाट बैठकमा गराईयो ।

**तपशिल**

- नोबल कोरोना भाईरको बारेमा र त्यसवाट बच्ने उपायहरू लेखिएको पम्प्लेट छपाइ गरी वितरण गरिएको ।
- वि.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र केन्द्रीय प्रविधी क्याम्पसको माइक्रोवाईलोजी विभाग संगको सहकार्यमा जनचेतना अभिबृद्धि र हेण्ड सेनिटाईटजर वनाएर वितरण गरिएको ।
- सरोकारवाला संस्थाहरूको सहकार्यमा धरानका विभिन्न १३ स्थानमा हेल्प डेक्स राखिएको ।
- वि.पी.को.स्वा.वि. प्रतिष्ठानमा क्वारेन्टाइनको र आइसोलेसन वेडको व्यवस्थापन गरिएको ।
- जनचेतनाकोलागि कोरोना सम्बन्धी बनाइएको जिङगल एफ.एम.हरूवाट र वडाहरूमा प्रचार प्रसार गरिने ।

**ख) समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता छनौट सम्बन्धी कार्यविधी २०७६ सम्बन्धमा :**

धरान उप महानगरपालिका, प्रदेश सरकार र करूणा फाउण्डेसन नेपाल संगको साझेदारीमा संचालन गर्न लागिको अपाङता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम संचालनकालागि सहजकर्ता छनौट गर्न तयार भै कानून मस्यौदा समितिको समेत सिफारिस भै आएको समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता छनौट सम्बन्धी कार्यविधी २०७६, स्वीकृत गर्ने निर्णय गरियो । स्वीकृत भएको कार्यविधी छुट्टै प्रमाणित गरी राखिएको छ ।

**ग) विविध विषय :**

**१) अत्याबस्यक सेवा बाहेकका अन्य सेवा बन्दको सूचना जारी गर्ने सम्बन्धमा :**

हाल संसारभरी फैलदै गरेको नोबल करोना भाइरसवाट सचेत रहन सम्माननीय प्रधानमन्त्री ज्यू वाट राष्ट्रका नाममा २०७६।१२।०७ गते गर्नुभएको सम्बोधनमा नेपाल सरकारवाट राजपत्रमा सूचना प्रकाशनगरी तोकिएका अत्याबस्यक सेवा बाहेकका प्रवाह गरिने सेवाहरू २०७६।१२।०९ देखि २०७६।१२।२१ गते सम्म बन्द रहने घोषणा गरेकोले सोहि अनुसार यस उप महानगरपालिकावाट प्रवाहहुने अत्याबस्यक सेवा बाहेकका नगरकार्यपालिका र वडा कार्यलयहरूवाट प्रवाह गरिने सेवाहरू उल्लेखित अवधिभर बन्द गर्ने र सोको सुचना सर्बसाधरणाकालागि जारी गर्ने निर्णय गरियो ।

२) कालोवजारी तथा कृतिम अभावको बारेमा सूचना प्रकासन गर्ने सम्बन्धमा :

हाल विश्वभर फैलिएको कोरोना भाइरसको कारण देखाएर अत्याबस्यक बस्तुहरूको कालो वजारी बढेको साथै कृतिम अभाव देखिएकाले कालो वजारी तथा कृतिम अभाव सृजना नगर्न सरोकारवाला सबैलाई सूचना जारी गर्ने निर्णय गरियो ।

३) कार्यदलको म्यादथपको निर्णय अनुमोदन गर्ने सम्बन्धमा :

यस नगरकार्यपालिकाको मिति २०७६।१०।१२ को निर्णयवाट वडाध्यक्ष श्री नरेशकुमार ईवारम ज्यूको संयोजकत्वमा गठित राजश्वका दरहरू पुनरावलोकन सुझाव कार्यदलको म्याद एक महिनाको भएकोमा कार्यदलको तर्फवाट २२ दिन म्यादथपको माग भएको र नगर प्रमुख ज्यूवाट मिति २०७६।११।२० गते म्यादथप गर्ने भएको निर्णयलाइ अनुमोदन गर्ने निर्णय गरियो ।

४) दररेट पुनरावलोकन सम्बन्धमा :

धरान उप महानगरपालिकाले चालु आर्थिक वर्ष २०७६।०७७ मा लागू गरेका राजश्वबका दररेट पुनरावलोकनकालागि वडा अध्यक्ष श्री नरेशकुमार ईवारमज्यूको संयोजकत्वमा गठित राजश्वका दरहरू पुनरावलोकन सुझाव कार्यदलले मिति २०७६।१२।७ मा प्रतिवेदन पेश गरेको र उक्त प्रतिवेदन मिति २०७६।१२।०९ गतेको राजश्व परामर्श समितिको बैठकमा पेशहुदा राजश्व परामर्श समितोको बैठकवाट समेत प्राप्त प्रतिवेदन स्वीकृतगरी कार्यान्वियन गर्न सिफारिस भएकाले प्रतिवेदनमा पेश भएका सेवा शुल्क तथा सिफारिस दस्तुरहरू स्वीकृत गरी यस उप महानगरपालिकाको पाचौं नगरशभावाट स्वीकृत आर्थिक ऐन २०७६ को दफा २४ मा भएको बाधा अड्काउ फूकाउने व्यबस्था अनुसार आगामी नगरशभावाट अनुमोदन हुनेगरी उक्त स्वीकृत भएका दररेटहरू २०७६।१२।१० देखि लागू गर्ने निर्णय गरियो ।

५) खानेपानी आयोजनाको थप अनुदान माग गर्ने सम्बन्धमा :

यस उप महानगरपालिकावाट नेपाल सरकार तथा एशियाली विकास बैंडकको ऋण तथा अनुदान सहयोगमा समेत संचालित एकिकृत शहरी विकास आयोजनाको लागत रकम मध्ये नगर विकास कोषवाट प्राप्तहुनु पर्ने ३५ प्रतिशत ऋण वापत हुने रकम रू ६३,६१,२४,७१२।२५ मध्ये हालसम्म रू ६२,६७,३५,५४४।७६ मात्र निकासा भै बाकी रहेको रू ९३,८९,१६७।४९ रकम नगर विकास कोषसंग माग गर्ने निर्णय गरियो ।

६) विपद व्यबस्थापन कोष सम्बन्धमा :

यस उपमहानगरपालिकावाट सञ्चालन गरिएको विपद व्यबस्थापन कोषलाइ हाल विश्वभर संक्रमणका रूपमा फैलिरहेको कोरोना संक्रमण लगायतका विपदमा समेत प्रयोगगरी प्रभावकारी ब्यबस्थापन गर्न उक्त कोषमा रकम जम्मा गर्न ईच्छुक व्यक्ति, संस्था समेतलाई जानकारी गराउने र कोरोना जस्ता प्रकोपको नाममा छुट्टै कुनैपनि रकम संकलन नगर्न सरोकारवाला सबैमा अनुरोध गर्ने साथै यदि कसैले त्यस्तो कार्य गरेमा यस उपमहानगरपालिकामा जानकारी गराउन समेत सरोकारवाला सबैलाइ अनुरोध गर्ने निर्णय गरियो

विविधको ४ नं. निर्णयसँग सम्बन्धित :-

## न्यायिक समिति दस्तुर

| विवरण | हालको दर | परिमार्जीत दर | कैफियत |
|---|---|---|---|
| उजुरी दर्ता दस्तुर | १५० | १०० | |
| प्रतिउत्तर दस्तुर | १५० | १०० | |
| छलफल गराईदिए बापत | ३०० | ० | |

## आयश्रोत तथा हैसियत प्रमाणित दस्तुर

| विवरण | हालको दर | परिमार्जीत दर | कैफियत |
|---|---|---|---|
| चारकिल्ला प्रमाणित | १००० | ५०० | |
| आय-हैसियत प्रमाणित सिफारिशः | | | |
| (क) जम्मा रु. ३० लाख सम्मको | ५५०० | ३००० | |
| (ख) रु. ३० लाखभन्दा बढीमा प्रत्येक थप १० लाखसम्ममा रु.५०० थप दस्तुर लाग्ने | (+५००) | +५०० | |
| आय-हैसियत प्रमाणित सिफारिश (अध्ययन प्रयोजन): | | | |
| (क) जम्मा रु. ३० लाख सम्मको | ५००० | २००० | |
| (ख) रु. ३० लाखभन्दा बढीमा प्रत्येक थप १५ लाखसम्ममा रु.५०० थप दस्तुर लाग्ने | (+५००) | +२५० | |
| घरजग्गा मूल्याङ्कन दस्तुर (लाखमा एक सय | ०.५% | ०.१% | |

## नाता प्रमाणित दस्तुर

| विषय | हालको दर | परिमार्जीत दर | कैफियत |
|---|---|---|---|
| नाता प्रमाणित (मृतकसँग नाता जोडिएको) | ५०० | २०० | |
| नाता प्रमाणित (अन्य) | १००० | ५०० | |
| नाता प्रमाणित दस्तुर (अंग्रेजीमा) | १५०० | ५०० | |

## विभिन्न सिफारीश दस्तुरहरु

| विषय | हालको दर | परिमार्जीत दर | कैफियत |
|---|---|---|---|
| नागरिकता सिफारिश दस्तुर (वंशज) | १५० | १०० | |
| नागरिकता सिफारिश दस्तुर (अंगीकृत) | १५०० | ५०० | |
| घरबाटो सिफारिश (नयाँ नापी क्षेत्र) प्रति धुर | ६०० | ५०० | स्वामित्व परिवर्तन गर्ने जती जग्गाको क्षेत्रफल उल्लेख गर्ने र सो क्षेत्रफल अनुसार दस्तुर लिने |
| घरबाटो सिफारिश (नयाँ नापी बाहेक साबिक धरान पञ्चायतका जग्गा) प्रति धुर | ३५० | ३०० | |
| घरबाटो सिफारिश (साबिक धरान ११क-११ड, बाँझगरा र घोपाको साबिक १-१९ नं. वडाका जग्गा) प्रतिधुर | २५० | २२५ | |
| घरबाटो सिफारिश (साबिक पाँचकन्या र बिष्णुपादुका गाबिसका तराई क्षेत्रमा पर्ने र बाँझगरा ९ख का जग्गा) प्रतिधुर | १५० | १२५ | |
| घरबाटो सिफारिश (साबिक पाँचकन्या र बिष्णुपादुका गाबिसका पहाडी क्षेत्रमा पर्ने जग्गा) प्रतिधुर | ७५ | ५० | |
| बकसपत्र, अंशवण्डा तथा तीनपुस्तेभित्र घरजग्गा नामसारी सिफारीश | | १००० | |
| संघसंस्था नवीकरण सिफारिश | १५०० | ५०० | |
| संघसंस्था दर्ता सिफारिश | २५०० | १००० | |
| बाटो कायम दस्तुर | ५००० | १००० | |
| अंग्रेजीमा सिफारिश | १५०० | ५०० | |
| अविवाहित सिफारिश दस्तुर | २५०० | १००० | |
| मोहीको लगत कट्टा सिफारिश | १०००० | १००० | |
| नाम थर जन्म मिति संशोधन सिफारिश(२०३४ अघिको हकमा | १००० | ५०० | |
| व्यवसायको नाम किसिम आदि परिवर्तन तथा लगत कट्टा | १००० | ५०० | |
| पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | १००० | ५०० | |
| विद्युत जडान (साधारण) तथा नामसारी सिफारिश दस्तुर | १००० | ५०० | |
| थ्रि फेस लाईन विद्युत जडान सिफारिश | ५००० | १००० | |
| खानेपानी जडान तथा नामसारी सिफारिश दस्तुर | १००० | ५०० | |
| हकवाला संरक्षण सम्बन्धी सिफारिश | १००० | ५०० | |
| छुट जग्गा दर्ता सिफारिश -५ कठ्ठा सम्म क्षेत्रफल भएमा | १०००० | २५०० | |
| छुट जग्गा दर्ता सिफारिश -५ कठ्ठा भन्दा माथि क्षेत्रफल भएमा | ५००० | ५००० | |
| अपुताली सिफारीस | | ५०० | |
| चारित्रिक प्रमाणीत सिफारिस | | ५०० | |

## ७) साईन्स सिटि पार्ककालागि जग्गा लिजमा लिने सम्बन्धमा :

यस उप महानगरपालिकाले चालु आ.ब.को नगर गौरबका योजनामा धरान क्षेत्रमा साईन्स सिटी पार्क निर्माण गर्न वजेट विनियोजन गरेकोमा धरान १३ स्थित सत्यसाही विध्यालयवाट उक्त विध्यालयको नाममा रहेको हाल विध्यालय रहेको क्षेत्रको एक विगाह जग्गा लिजमा उपलब्ध गराउने भन्ने आसयको पत्र प्राप्त भएकाले उक्त विध्यालयको नाममा रहेको जग्गा मध्ये एक विगाह जग्गा लिजमा लिइ साईन्स सिटी पार्क निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

## ८) खरिद गुरु योजना स्वीकृत गर्ने सम्बन्धमा :

यस उप महानगरपालिकाको चालु आ ब मा सुरु भएका तपशिलका योजना हरुको खरिद गुरु योजना स्वीकृत गर्ने निर्णय गरियो । स्वीकृत खरिद गुरु योजना पछाडी टासगरी प्रमाणित गरिएको छ ।

## ९) बालमैत्री घोषणा गर्ने वडाहरुलाई पुरस्कार रकम उपलब्ध गराउने सम्बन्धमा :

बालबालिकाका कानुन द्वारा प्रदत्त हक तथा अधिकारहरुको सुनिश्चित गरी बालमैत्री घोषणा गर्ने वडाहरुलाई पुरस्कार स्वरुप बालबालिकासंग सम्बन्धीत विकास निर्माणका कामहरु गर्न रु ५००,०००। उपलब्ध गराउने नीति अनुरुप चालु आ. ब. मा विनियोजन भएको रु. १५,०५,०००।रुपया सबैभन्दा पहिले बालमैत्री घोषणा गर्ने वडा नं १३,१४ र २० लाई बालमैत्री पूर्वाधार निर्माण गर्न उपलब्ध गराउने र अन्य वडाहरुकालागि आगामी आ. ब. मा वजेट ब्यबस्था गर्ने निर्णय गरियो ।

## १०) अधिकार नभएको क्षेत्रवाट नदी जन्य पदार्थ उत्खनन गर्नेलाई कार्वाही गर्ने सम्बन्धमा :

धरान उप महानगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने सेहरा खोलाको तल्लो तटीय क्षेत्रवाट पाथिभरा कन्स्ट्रक्सन ईटहरी ५ ले स्काभेटरको प्रयोग गरी अबैधानिक रुपमा आफ्नो अधिकार क्षेत्र बाहिरवाट नदिजन्य पदार्थ उत्खनन गरीरहेको अबस्थामा धरान उप महानगरपालिकावाट खटिएको अनुगमन टोलिले २०७६।१२।०५ गते उत्खननमा प्रयोग भईरहेका ३ वटा ट्रिपर र १ वटा टयाक्टर नियन्त्रणमा लिई पांचकन्या प्रहरी चौकीमा राखिएको हुदा उक्त अनाधिकृत क्षेत्रवाट अबैधानीक चोरी निकासी गर्ने उपर तपशिलको कार्वाही गर्ने निर्णय गरियो ।

तपशिल

क) अनाधिकृत क्षेत्रवाट अबैधानीक रुपले नदीजन्य पदार्थ उत्खनन गर्ने कार्यमा संलग्न श्री पाथिभरा कन्स्ट्रक्सन ईटहरी ५ लाई रु ५०००००। पाचलाख जरिवाना गर्ने ।

ख) उत्खनन कार्यमा प्रयोग भएका टिप्परलाई प्रतिटिप्पर रु १५०००। जरीवाना गरी छाड्ने ।

ग) उत्खनन कार्यमा प्रयोग भएका टयाक्टरहरुलाई प्रति ट्याक्टर रु ५०००। जरिवानागरी छाडीदिने ।

आजको बैठक बेलुकि ५ वजे समाप्त भयो ।

बैठकको निर्णय माइन्यूट गर्ने बरिष्ठ प्रशासकीय अधिकृत गणेश प्रसाद खतिवडा

धरान उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धरान १२, सुनसरी, १ नं. प्रदेश

योजना तथा ईन्जिनियरिङ्ग महाशाखा

# खरिद गुरु योजना

आ.व. २०७६।७७

मन्त्रालय/विभाग/आयोजना/कार्यालयः धरान उपमहानगरपालिका

बजेट उपशीर्षक नं. धरान उप महानगरपालिका (८०११४३०२१०१)

| सि.नं. | खरिको विवरण (मालसामान/निर्माण कार्य/परामर्श सेवा , अन्य सेवा) | खरिद विधि (खरिद निकायको प्रकृति अनुसार) | अनुमानित रकम | प्याकेज संख्या | सम्झौताको किसिम | बार्षिक खरिद | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो वर्ष आ.व. ०७६/७७ | दोस्रो वर्ष आ.व. ०७७/७८ | तेस्रो वर्ष आ.व. ०७८/७९ | चौथो वर्ष आ.व. ०७९/८० | पाँचौ वर्ष आ.व. ०८०/८१ | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | विजयपुरका मुख्य मन्दिरहरु जोड्ने सडक स्तरोन्नति, धरान १४ | ठेक्का | २२,२४९,४०३।६३ | | ईकाई दर | ९,०००,०००।०० | १३,२४९,४०३।६३ | | | | |
| २ | खहरे, तीनढवांगे खोला करिडार निर्माण धरान ८,१६,१९ | ठेक्का | ६१,६१५,९८२।२८ | | ईकाई दर | १०,०००,०००।०० | ५१,६१५,९८२।२८ | | | | |
| ३ | जल्पारोड सडक विस्तार तथा निर्माण कार्य | ठेक्का | २०,०००,०००।०० | | ईकाई दर | १०,०००,०००।०० | १०,०००,०००।०० | | | | |
| ४ | चतरा लाइन सडक विस्तार तथा निर्माण, धरान १२ | ठेक्का | ६९,२७७,३३२।५९ | | ईकाई दर | ५,०००,०००।०० | ६४,२७७,३३२।५९ | | | | |
| ५ | नमूना बस्ती निर्माण, धरान ८ | ठेक्का | ४०,०००,०००।०० | | ईकाई दर | ७,०००,०००।०० | ३३,०००,०००।०० | | | | |
| ६ | रेल्वेचौक निर्माणको बांकी काम, धरान १७ | ठेक्का | १७,५००,०००।०० | | ईकाई दर | ७,०००,०००।०० | १०,५००,०००।०० | | | | |
| ७ | धरान सभागृह पुन:निर्माण, धरान ८ | ठेक्का | ९०,०००,०००।०० | | ईकाई दर | २०,०००,०००।०० | ७०,०००,०००।०० | | | | |
| ८ | माछाभौडी पार्कको बांकी काम, धरान ३ | ठेक्का | ८,०००,०००।०० | | ईकाई दर | ५,०००,०००।०० | ३,०००,०००।०० | | | | |
| ९ | शहिदमार्ग सडक निर्माण, धरान १५ | ठेक्का | १०,०००,०००।०० | | ईकाई दर | ५,०००,०००।०० | ५,०००,०००।०० | | | | |
| | कूल जम्मा | | ३३८,६४२,७१८।५० | | | ७८,०००,०००।०० | २६०,६४२,७१८।५० | | | | |

द्रष्टव्य : यो फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट परिमार्जन/संशोधन भएमा सोही बमोजिम परिवर्तन हुनेछ ।

तयार गर्ने अधिकृतः
दस्तखत :
पदः
मितिः

रुजु गर्ने अधिकृतः
दस्तखत :
पदः
मितिः

कार्यालय प्रमुखः
दस्तखत :
पदः
मितिः

विभागीय प्रमुख/मन्त्रालयको सचिव
दस्तखत :
पदः
मितिः